स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पुष्प खड्काले करिब एक वर्षको अन्तरालपछि नयाँ फिल्म सम्झौता गरेका छन् । उनले शंकर कार्कीको निर्देशनमा बन्न लागेको फिल्म 'सिड्नी ब्लूज'मा काम गर्न लागेका हुन् । उनीसँग निर्माण टिमले कागजी सम्झौता गरेको हो । फिल्ममा उनको जोडी 'महापुरुष' फेम्ड अभिनेत्री अञ्जना बराइलीसँग बाँधिनेछ । उनी एक महिनाअघि नै फिल्ममा अनुबन्ध भएकी थिइन् । फिल्ममा रवीन्द्र झा, शिव आर. ठकुरी लगायतको पनि अभिनय रहनेछ ।

**आजको विचार...**



चेतन अधिकारी

आखिर...
(दुई पेजमा)



अभिनेत्री दीपिका प्रसाईं आमा बन्दैछिन् । चिकित्सकले उनलाई आगामी बैशाख पहिलो साताको 'डेलिभरी डेट' दिएका छन् । चार वर्षअघि निर्देशक दीवाकर भट्टराईसँग विवाह बन्धनमा बाँधिएकी उनले गत मंसिरमा फिल्म 'मायावी'को छायांकन सकाएकी थिइन् । गर्भावस्थामै उनले यो फिल्मको छायांकन गरेकी हुन् । दीपिका र दीवाकर पहिलो सन्तानलाई स्वागत गर्न आतुर देखिएका छन् । आमा बन्नुभन्दा अगाडि उनीहरुले 'प्रेग्नेन्सी फोटोसुट' गराएका छन् । दीपिकाले आफ्नो सामाजिक सञ्जालमा सेअर गरेको तस्वीरमा दुवै रोमान्टिक भावमा देखिएका छन् ।

❐ वर्ष २९ ❐ अंक २२९ ❐ २०८० चैत ५ गते सोमबार 18 March 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### सडक दुर्घटनामा २१ जनाको मृत्यु

**(रासस/एएफपी)**

**काबुल,** चैत ४/अफगानिस्तानको दक्षिणी हेल्मान्ड प्रान्तमा आइतबार एउटा बस र तेल ट्याङ्कर एकआपसमा ठोक्किँदा २१ जनाको मृत्यु हुनाका साथै ३८ जना घाइते भएका प्रान्तीय अधिकारीले बताएका छन् । हेरात शहरबाट राजधानी काबुलतर्फ जाँदै गरेको यात्रुबाहक बस दुई जना सवार मोटरसाइकलसँग ठोक्किँदा दुवै जनाको मृत्यु भएको हेलमान्डस्थित ट्राफिक प्रहरी स्रोतले जानकारी दिएको छ ।

त्यसैगरी, दक्षिणी शहर कान्दाहारबाट हेराततर्फ जाँदै गरेको तेल ट्याङ्करसँग बस ठोक्किँदा दुबै सवारी साधनको गति अनियन्त्रित भई दुर्घटना हुनपुगेको हो । अफगानिस्तानमा खराब सडक, चालकको लापरवाही र सडक कानुनको नियमनको कमीका कारण बर्षेनी हजारौँ मानिसले ज्यान गुमाउने गरेका छन् । प्रान्तीय सूचना विभागले सामाजिक सञ्जाल 'एक्स'मा पोष्ट गरेको विज्ञप्तिमा भनिएको छ, "आइतबार बिहान एउटा ट्याङ्कर, मोटरसाइकल र यात्रुबाहक बस एकआपसमा ठोक्किँदा २१ जनाको मृत्यु भएको छ भने ३८ जना घाइते भएका छन् ।" हेल्मान्ड प्रान्तको ग्रिस्क जिल्लामा हेरात-कान्दाहार राजमार्गमा उक्त दुर्घटना भएको हो । हेलमान्डको गभर्नर कार्यालयका प्रवक्ता मोहम्मद कासिम रियाजले एएफपीलाई बताएअनुसार उक्त दुर्घटनाका कारण ती सवारी साधनहरू जलेका थिए । सूचना विभागले सामाजिक सञ्जालमा साझा गरेको तस्बिरमा राजमार्गमा छरिएर रहेका मृतक र जलेका गाडीका अवशेष देख्न सकिन्छ ।

## आर्थिक अभाव र नयाँ पुस्तामा चासो नहुँदा

# तानसेनमा हराउँदै 'चिर' ठड्याउने चलन

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत ४/झण्डै एक दशक अघिसम्म होली संस्कृतिलाई खुसीयाली र पारस्परिक मित्रता बढाउने उत्सवका रुपमा मनाउने गरिन्थ्यो । जसले समाजका हरेक पक्षका बारेमा बोल्दथ्यो । समाजको एक अभिन्न अंग थियो होली संस्कृति । जुनसुकै संस्कृति पनि इतिहाससँग जोडिएको हुन्थ्यो । पूर्खाहरुको पौरख, रितिरिवाज र चालचलनको प्रर्याय ठानिन्थ्यो । होली संकृति पारस्परिक मित्रता बढाउने, सामाजिक एकताको भावना बढाउन मनाइने भएता पनि अहिले भने विस्तारै हराउँदै गएको छ ।

रंगहरुको पर्व फागुपूर्णिमा (होली) सुरु भएको संकेत दिन चिर ठड्याउने गरिन्छ । पाल्पाको तानसेनस्थित टक्सारटोलमा २०७१ सम्म निरन्तर चिर ठड्याउँदै आए पनि अहिले त्यसले निरन्तरता पाउन सकेको छैन् । यहाँ परापूर्वकालदेखि नेवार समुदायले चिर ठडाएर फागुपूर्णिमाको पूजा गरी होलीको सुरुवात गर्ने परम्परा रहिआएको थियो । गणेश मन्दिरको मूलद्वार अगाडि रंगीचंगी धजाले सिंगारिएको चिर ठडाएपछि होली पर्व सुरु भएको मान्ने गरिन्थ्यो । तर पछिल्ला वर्षहरुमा भने आर्थिक अभाव र नयाँ पुस्ताले चासो नदिदा यो परम्परा विस्तारै हराउँदै गएको छ । गत वर्ष ८ वर्षपछि टक्सारटोलमा तानसेन भजन संरक्षण समिति र देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठानको सक्रियतामा जसो



फाइल फोटो

तसो चिर ठड्याइएको थियो । तर यस वर्ष भने त्यसले निरन्तरता पाउन सकेनन् । यहाँ २०७१ सालमा अन्तिम पटक चिर गाडिएको थियो । त्यसयता आर्थिक अभाव र पुराना पुस्ताहरु अशसक्त हुँदै गएपछि युवाहरुले चासो नदिँदा चीर गाड्न छोडिएको हो । परम्परागत संस्कृति हराउँदै जान थालेकोमा निकै चिन्ता थपेको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष मदन देउराली बताउँछन् । उनले भने, 'पुरानो पुस्ता सकिदै जानु र नयाँ पुस्ताले परम्परागत संस्कृति संरक्षण गर्न नसक्नुले निकै चिन्तित छौँ ।' तानसेनमा नेवारहरुको बस्ती बसेदेखि नै होलीको अवसरमा चिर गाड्ने परम्परा रही आएको हो । पहिले-पहिले तानसेनको शित्तलपाटी, भिमसेनटोल, बसन्तपुर, टक्सारटोल लगायतका स्थानहरुमा चीर ठड्याइने गरे पनि आर्थिक अभाव र पुराना पुस्ताहरुको मृत्यु पछि विस्तारै हराउँदै गएको देउरालीले बताए । उनका अनुसार चिर गाड्ने काम पहिला अन्य टोलहरुमा भएता पनि पछि यो केवल टक्सारटोलमा मात्र सिमित भएको हो । 'चिर ठडाउन, भजन गाउँन र होली खेल्नका लागि आर्थिक स्रोत चाहिन्छ, त्यो स्रोत कहि कतैबाट आउँदैन, व्यक्ति आफैले खर्च गरेर कति दिन गर्ने ? पुराना पुस्ता शारिरीक रुपले अशक्त हुँदै गए, नयाँ पुस्तामा कुनै चासो छैन्, कसरी संरक्षण गर्ने ?' अध्यक्ष देउरालीले भने । गत वर्ष भजन संरक्षण समितिले चासो देखाएपछि प्रतिष्ठानले केही सहयोग गरेर चिर ठडाएको उनले बताए । देउरालीले भने 'यस वर्ष भने चिर ठडाउने मुख्य व्यक्ति मंगल दाई अस्वस्थ हुनुहुन्छ, अरुले खासै चासो देखाएन, हामीले पनि उहाँहरुले चासो नदेखाएपछि खासै चासो दिएनौं ।' आफु शारिरीक रुपमा अस्वस्थ भएका कारण यस वर्ष चिर ठडाउन नसकेको डाफा भजन संरक्षण समितिका अध्यक्ष तथा चिर ठडाउने मुख्य व्यक्ति मंगलप्रसाद बज्राचार्यले बताए । उनले भने 'अब म उमेरले पनि बूढो भइसके, नयाँ पुस्ताले चासो देखाउँदैन के गर्नु ?' जनतन अहिलेसम्म परम्परा धान्दै आएका थियौं, अब भने हराउँदै जाने हो कि भन्ने चिन्ता लागेको बज्रचार्यले बताए । उनले आर्थिक अभावका कारण पनि चिर ठड्याउने संस्कृतिले निरन्तरता पाउन नसकेको गुनासो गरे । चिर ठड्याइदा भजन समेत गाउने गरिन्छ । उता काठमाडौंको बसन्तपुरमा पनि तीनतले चीर ठड्याउने गरिन्छ । त्यहाँ यस वर्ष पनि चिर ठड्याइएको छ । चिर ठडाएपछि देशभर फागु अर्थात् होली पर्व सुरु भएको मानिन्छ । चिर गाडेपछि बसन्त ऋतुको आगमनलाई स्वागत गर्न भनेर फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म विभिन्न रंग र अबिर एकआपसमा छ्याछ्याप गरेर होली खेल्ने परम्परा छ ।

होलीकै भोलिपल्टबाट ऋतुहरुका राजा बसन्त ऋतुको आगमन हुने विश्वास छ । हरेक वर्षको फागुन शुक्ल अष्टमीका दिन लिंगो ठड्याउने चलन छ । असत्यमाथी सत्यको विजयको प्रतिकका रुपमा चिरलाई लिने गरिन्छ । उक्त चिरलाई फागुपूर्णिमाका दिन ढाली खोलामा लगेर दहन गरेपछि यो वर्षको होली सकिनेछ । चिर दहन भएपछि असत्यमाथि सत्यको जित भएको मानिन्छ । यो वर्ष पहाडी जिल्लामा चैत ११ र तराईमा चैत १२ मा होली मनाइँदैछ । आसुरी शक्तिकी द्योतक होलीकालाई आगोले भस्म गरी सत्यवादी भक्तप्रल्हादको उद्धारको कथा, भगवान कृष्ण र नग्न अवस्थामा गोपीनीहरुले नुहाउँदाको प्रसंग तथा कामदेव र रतीको प्रेमकथा लगायतका प्रसंगहरु होलीसँग जोडीएको धार्मिक ग्रन्थमा उल्लेख छन् । होलीमा रंगहरु र अबिर एक आपसमा छ्याप्ने गरिए पनि पछिल्लो समयमा पानीकै बढी प्रयोग हुने गरेको छ । होलीका बेला भाङको लड्डु घोट्टालगायत खाएर रमाइलो गर्ने चलन छ ।

## ग्लोबल बैंकले भन्यो 'अनधिकृत फोनलाई वास्ता नगर्नु'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

**पाल्पा,** चैत ४/ग्लोबल आईएमई बैंक लिमिटेड पाल्पा शाखाले अनधिकृत फोनलाई वास्ता नगर्न सम्पूर्ण ग्राहक वर्गमा अनुरोध गरेको छ ।

पछिल्लो समय विभिन्न आपराधिक व्यक्ति र समूहले विभिन्न माध्यम प्रयोग गरी ग्राहकलाई ठग्ने प्रयास गरेको भन्ने गुनासो प्राप्त भइरहेको भन्दै बैंकले अनधिकृत फोनलाई वास्ता नगर्न सबैमा आग्रह गरेको हो । बैंकले सार्वजनिक सूचना नै जारी गर्दै त्यसतर्फ सचेत रहन ग्राहकलाई भनेको छ । उसले केही दिन यता पाल्पा क्षेत्रमा बैंकका ग्राहक महानुभावहरुलाई केवाइसी अद्यावधिक गर्न बैंकबाट हो भन्दै अनाधिकृत फोन नं. ९७४६६४२४०८ बाट फोन आएको भन्ने जानकारी प्राप्त भएकाले त्यो फोन बैंकको नभएको ग्राहक वर्गमा स्पष्ट पारेको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

## कलेजो रोगबाट पीडित रानाद्वारा सहयोगको याचना

**पाल्पा,** चैत ४/कलेजो रोगबाट पीडित माथागढी गाउँपालिका वडा ७, रहवासका ३० वर्षीय फानबहादुर रानाले सबैसँग सहयोगको याचना गरेका छन् । लामो समयदेखि रोगले थलिएका रानाले कलेजो प्रत्यारोपण गर्न आर्थिक सहायता मागेका हुन् ।

उनको आर्थिक अवस्था कमजोर छ । अस्पताले कलेजो प्रत्यारोपण गर्न भनेकाले आर्थिक संकलन गर्नुपर्ने अवस्था आएको हो । कलेजो प्रत्यारोपण गर्न ४५ लाख जति रकम लाग्ने भएपछि उनले सहयोग याचना गरेका हुन् । नेपाल प्रहरी सहायक हवल्दार पदमा कार्यरत रहेका राना आफैं कमाएर परिवारसँग खुशी साट्ने बेलामा एक्कासी कलेजोमा समस्या देखिएपछि थप पिडामा परेको बताए । अकस्मात सामान्य बिरामी भएसँगै चेकजाँचको लागि नेपाल प्रहरी अस्पताल काठमाडौंमा पुगेका रानालाई



अस्पतालले जन्डिस बिग्रेको बताएको थियो । जन्डिस बिग्रीएर कलेजोमा समेत पूर्ण रुपमा असर गरेकाले कलेजो नै प्रत्यारोपण गर्नुपर्ने डाक्टरले बताएको पीडित रानाले बताए । 'कलेजो प्रत्यारोपणको लागि ४५ लाख रकम आवश्यक पर्ने अस्पतालले बताएको छ, मसँग भएको सबै पैसा अहिलेसम्म गरिएको उपचारमा खर्च भैसक्यो, अब उपचार गर्न पैसा छैन, जग्गाजमिन बेचु भने पनि गाउँमा रहेको सिमित जग्गाको कुनै मोल नै छैन, घरमा बुबा, श्रीमती र छोरा छन् उनीहरुको कुनै कमाई छैन' रानाले गहभरी आँसु निकाल्दै भने । उनले कोही कसैबाट सहयोग पाए आफु बाच्न सक्ने बताए । उनको कलेजो प्रत्यारोपणको लागि ठूलो रकम चाहिने भएपछि अहिले परिवारले समेत रानालाई बचाइदिन भन्दै सहयोगको अपिल गर्दै आएका छन् । आर्थिक अवस्था कमजोर भएकाले सहयोग याचना गरिएको परिवार स्रोतले जनाएको छ । परिवारको याचनासँगै उपचार खर्च जुट्न थालेको छ । स्थानीय, व्यवसायी तथा सामाजिक संघसंस्थाबाट सहयोग अभियान थालिएको स्थानीय रमेश रानाले बताए । उनले रानाको सहयोगको लागि ३१२०१०००००५२३१०४ नम्बरको बैंक खातामा रकम जम्मा गर्न सकिने समेत जानकारी दिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बजेट सुधारको अपेक्षा

यतिबेला संघीय संसद्का दुवै सदनमा आगामी आर्थिक वर्षको बजेटका प्राथमिकता तथा सिद्धान्तमाथि छलफल जारी छ । विगतका वर्षमा भन्दा यसपटक बजेट निर्माणको तयारी फरक ढंगबाट अगाडि बढेकाले आगामी बजेट सुधार हुनेमा अपेक्षा गर्न सकिन्छ । वास्तवमा बजेट आयव्ययको विवरण मात्र नभएर यो राजनीतिक दस्तावेज पनि हो । किनभने जुन दल सत्तामा पुग्छ उसले निर्वाचनमा गरेका प्रतिबद्धताहरू बजेटको माध्यमबाटै आफ्ना नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरेको हुन्छ । त्यसकारण शासकीय एवं प्रशासकीय संरचनामा बजेटलाई महत्वपूर्ण औजारका रूपमा हेरिएको हुन्छ । साथै, जनताले आफ्ना आवश्यकताहरू कति सम्बोधन भएका छन् भनेर हेर्ने माध्यम पनि बजेट नै हो । विगतका बजेटमा जनताका आवश्यकताहरु सम्बोधन गर्ने खालका खासै कार्यक्रमहरु आउन सकेनन् । यसपटक केही सुधार भएर आउन्छन् कि भन्ने आशा जागेको छ । सरकारले चाहेमा बजेटमा धेरै सुधार गर्ने ठाउँहरू छन् । सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत फजुल खर्चहरू घटाउने, अनावश्यक एवं उपलब्धिहीन संस्थाहरू हटाउने, निर्माणाधीन आयोजनाहरूलाई नै प्राथमिकता दिने, आर्थिक मन्दी एवं राजस्वको बढ्दो चापलाई मध्यनजर गरेर कर्मचारीको तलब नबढाउने लगायत धेरै विषयमा ध्यान दिन सक्नेछ ।

विश्वव्यापी आर्थिक मन्दीले खेपिरहेको, नेपालमै पनि आर्थिक संकटहरू देखापर्न थालेको अवस्थामा सरकारसँग अहिले दुई विकल्प छन् । त्यो भनेको सरकारको आम्दानी कसरी बढाउने र फजुल सरकारी खर्च कसरी घटाउने भन्ने विषयउपर नीतिगत रूपमै अघि बढ्न जरुरी छ । केही वर्षदेखि सरकारको राजस्व आम्दानीले चालु खर्च नै धान्न मुस्किल हुन थालेको छ । राजस्व संकलनमा कमी आइरहेको छ । एकातिर राजस्वले चालु खर्च धान्न नसक्ने अवस्था छ भने अर्कोतिर कर्मचारीको तलब समेत समयमै उपलब्ध गराउन सकिएको अवस्था छैन । मुलुकको विकासको आवश्यकतालाई समेटेर संघीयताको मर्म अनुरूप प्रादेशिक एवं स्थानीय तहसम्मको क्षेत्रीय सन्तुलन कायम हुने गरी बजेट तर्जुमा गर्न सकिए कार्यान्वयन यथार्थपरक र उपलब्धिमूलक हुने देखिन्छ । सोही अनुसार सरकारले पनि बजेट निर्माणको प्रक्रियागत सुधार गर्न थालेको देखिन्छ । यसलाई सकारात्मक मान्नुपर्छ । बजेटका सिद्धान्त र प्राथमिकता माथि छलफल गर्दै गर्दा जनताका तत्कालीन आवश्यकतालाई वर्तमान सरकारले ध्यान दिन्छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

## Opinion @ Social Network

खुल्ला मनले बोल्ने बानी छ, त्यसैले धेरै दोस पाउने गर्छु
यदी सत्यता लुकाएर बोलेको भए सायद धेरैको प्यारो हुन्थे होला ।
(सानु देवकोटाको फेसबुक स्टाटसबाट https://www.facebook.com/sonu.devkota)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आखिर मानिस किन बसाइँ सर्छ ?



चेतन अधिकारी

हिजोआज बसाँइसराइले गाउँ रित्तिएका, सहर भरिएका, हिमाल पहाड बिराना बनेका, तराईमा घना बस्ती बसेका विषयहरु जताततै सुन्न र हेर्न पाइन्छ । मानिस किन यसरी चलायमान भएका हुन् ? उनीहरुलाई के नपुगेर बसिरहेको ठाउँबाट हिँडेका हुन् वा के पाइन्छ भनेर नयाँ नयाँ ठाउँ खोज्दै भौँतारिएका हुन् ? यस्ता प्रश्नहरुलाई यतिबेला मञ्चको अवस्था हेरी फरक फरक तरिकाले प्रस्तुत गरिने गरेको छ । पहिला पहिला सुनिने जन्मदर घटाऔं, दुई मात्र सन्तान जन्माऔं भन्ने नारा सुनिन छाडेका छन् । सुनिन्छन् त केवल मानिस उता सरे, यता सरे । यताको गाउँ रित्तियो, उताको सहर भरियो मात्र । सरसर्ती हेरौं नेपालीहरु कसरी बसाइँसराइको परम्परागत मार्ग पच्छ्याउँदै हिमाल पहाडबाट ओरालो झरिरहेका छन् ।

**प्रजातन्त्र, पञ्चायत हुँदै गणतन्त्र सम्मका दृश्य**

राणाशासन अन्त्य भएर नेपालमा प्रजातन्त्रको उदय भइसकेपछिको पहिलो जनगणना अर्थात् जनगणनाको पाँचौं शृङ्खला २००९/११ सालको जनगणनामा नेपालको हिमाल र पहाडी भूभागमा कूल जनसंख्याको ६४.८ र तराईमा ३५.२ प्रतिशत मानिसहरु बस्दथे । प्रजातन्त्रलाई राजा महेन्द्रले जफत गरेर पञ्चायती व्यवस्था सुरु गरेको अर्को वर्ष गरिएको २०१८ सालको जनगणनामा हिमाल र पहाडमा बस्ने जनसंख्या घटेर तराईमा बस्ने जनसंख्या बढ्न थाल्यो । यसअनुसार हिमाल र पहाडमा ६३.६ र तराईमा ३६.४ प्रतिशत मानिस बसोबास गरेको देखिन्छ ।

विसं २०२८ देखि हिमाल र पहाडको जनसंख्यालाई अलगअलग रुपमा प्रस्तुत गर्न थालियो । यसअनुसार पहाडमा कूल जनसंख्याको आधाभन्दा बढी मानिसको बसोबास देखिन्छ । त्यसबेला ५२.६ प्रतिशत मानिस पहाडी भूगोलमा बसेका थिए । तराईमा ३७।६ प्रतिशत मानिसको बसोबास थियो । २०३८ सालको जनगणनाले पहाडी क्षेत्रलाई पहिलोपटक अल्पमतमा रहेको देखायो । यसबेला पहाडको जनसंख्या अघिल्लो दशकमा भन्दा करिब छ प्रतिशत घटेर ४७.७ प्रतिशतमा सीमित हुनपुग्यो । यसको ठीक विपरीत तराईको जनसंख्याको हिस्सा अघिल्लो दशकभन्दा छ प्रतिशत नै बढ्यो । अर्थात् २०३८ को दशकमा नेपालको तराई क्षेत्रमा ४३.६ प्रतिशत मानिस बसोबास गर्न थाले । यो दशकमा हिमाली क्षेत्रको जनसंख्या पनि उसैगरी ओरालो लाग्ने क्रममा देखियो । अघिल्लो दशकमा ९.९ प्रतिशत जनसंख्या ओगटेको यो भूगोलमा ८.७ प्रतिशत मात्र मानिस देखिए ।

**प्रजातन्त्रको पुन:स्थापना पछि पनि अवस्था उस्तै**

नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि अर्थात् २०४८ जेठ-असारमा नयाँ जनगणना भयो । यसले पनि जनसंख्या वितरणको पुरानो प्रवृति अर्थात् तराई उन्मुख जनसंख्याको वृद्धिदर उच्च नै देखायो । पहाडको हिस्सा घट्दै गएको तस्बिर यसले सार्वजनिक गर्यो । २०४८ सालमा पहिलोपटक तराईमा पहाडमा भन्दा बढी जनसंख्या देखियो । यो वर्ष पहाडमा जनसंख्याको ४५.५ प्रतिशत र तराईमा ४६.७ प्रतिशत जनसंख्याको बसोबास देखियो । माओवादीको सशस्त्र द्वन्द्वको चरम उत्कर्ष समय अर्थात् २०५८ सालमा भएको जनगणनामा पहाडको जनसंख्याको हिस्सा घटेर ४४.३ प्रतिशतमा झर्यो भने तराईको ४८.४ मा पुग्यो । यसै वर्षदेखि पहाडका केही जिल्ला अब ऋणात्मक वृद्धिदरतर्फ जाँदैछन् भन्ने संकेत मिलिसकेको थियो । देशको औसत जनसंख्या वृद्धिदर २.२५ प्रतिशत भएको यो समयमा तेह्रथुम, खोटाङ, पर्वतजस्ता जिल्लाको जनसंख्या वृद्धिदर एक प्रतिशतभन्दा न्यून देखियो ।

**गणतन्त्र स्थापनापछि झन् ठूलो लर्को**

नेपालमा गणतन्त्र आइसकेपछि पहिलोपटक २०६८ सालमा जनगणना भयो । नेपालमा जनगणना सुरु भएको एक शताब्दी पुगेको अवसरमा यो जनगणना भएको थियो । यस जनगणना हिमाली र पहाडी क्षेत्रका लागि सुखद् देखिएन । यस पटक एकैचोटि २७ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक देखियो । यसरी जनसंख्या क्षति व्यहोर्ने जिल्लाहरु मध्यपहाडी क्षेत्रका धेरै थिए । यसपटक पूर्वमा पाँचथरदेखि पश्चिममा धौलागिरि पूर्वका जिल्लामा ठूलो मात्रामा जनसंख्या कमी भएको देखियो । यस जनगणनामा तराईमा पहिलोपटक नेपालको आधाभन्दा बढी जनसंख्या रहेको तथ्याङ्क सार्वजनिक भयो । यहाँ पहाडमा ४३ प्रतिशत जनसंख्या हुँदा तराईमा ५०.३ प्रतिशत जनसंख्या देखियो । यो तथ्याङ्कले एकैचोटी दुईवटा प्रश्न जन्मायो । राजतन्त्रको अन्त्यसँगै मानिस राजनीतिक अधिकार पाए । नेपालीको स्वतन्त्रताको सीमा पनि बढ्यो । यसमा खुसी हुनुपर्ने कारण पनि थियो । तर किन मानिस पहाडी र हिमाली क्षेत्रको परम्परागत थातथलोलाई छोडेर नयाँ गन्तव्यतिर लागेका हुन् रु अर्कोतिर तराईको उर्वर भूमिमा मानिसहरुको चाप बढ्दै गएपछि त्यहाँको अन्न भण्डारमा घरैघर हुने भए । पहाडमा मानिस नबसेर खेतबारी बाँझा भए । यसले खाद्यान्नको परनिर्भरतालाई थप मलजल हुने स्थिति देखियो । दोस्रो यही रितले मानिसहरुले पहाडबाट बसाइँ सर्दै तराईतिर झर्ने हो भने पहाडको भविष्य के हुन्छ रु हिजो कुनै बेला औलो र जंगली जनवारका कारणले तराई क्षेत्र बस्न अयोग्य भए जस्तै मानिसहरु छोड्दै गएपछि जंगल र जंगली जनावरको बिगबिगीका कारणले मानिस बस्न योग्य होला त रु यसै समयदेखि पहाडमा बाँदर आतङ्कका समाचारहरु आउन थाले । यो विषय अहिले संसद्मा पनि पटकपटक उठ्ने गरेको छ । विसं २०७८ मा नेपालले संघीय लोकतान्त्रिक गणतन्त्र अवलम्बन गरेपछि पहिलो जनगणना थियो । यसले जनसंख्या वितरणको भौगोलिक परिवेशलाई झनै विकराल देखायो । यसपटक तराईको जनसंख्याको हिस्सा बढेर ५३.६१ देखायो भने पहाडको घटेर ४०.३१ मा सीमित भयो । त्यति मात्र होइन, अघिल्लो दशकमा ऋणात्मक जनसंख्या भएका २७ वटा जिल्ला रहेकामा यस दशकमा हिमाल र पहाडका अरू सातवटा जिल्ला थपिएर ३४ वटा जिल्लाको जनसंख्या ऋणात्मक वृद्धितर्फ गए ।

अघिल्लो दशकमा धौलागिरी पूर्वको पहाडले भोगेको जनसंख्या क्षति यस पटक लुम्बिनीका रोल्पा, रुकुम र कर्णालीका जाजरकोटबाहेक सुदूरश्चिम पहाडसम्म नै यो प्रवृत्ति फैलियो । अघिल्लो दशकमा दुई लाख ६१ हजार सात सय ७० जनसंख्या र १.५० प्रतिशत वार्षिक जनसंख्या वृद्धिदर भएको दैलेख २०७८ मा आइपुग्दा दुई लाख ५२ हजार तीन सय १३ जनसंख्या र ०.३५ प्रतिशतको वृद्धिदरमा झर्यो । २०६८ को दशकसम्म बाह्य बसाइँसराइको रोगले नछोएको सुदूरपश्चिम पहाड २०७८ सालमा आइपुग्दा यही रोगबाट आक्रान्त भयो । त्यसबेलाको पहाडी क्षेत्रको गुल्जार कस्तो थियो भन्ने कुरा डोटी जिल्लाको एउटा तथ्याङ्कबाट अनुमान लगाउन सकिन्छ । त्यहाँ २०५८ सालमा दुई लाख सात हजार ६६ जनसंख्या थियो भने जनसंख्या वृद्धिदर २.२ प्रतिशत थियो । २०६८ सालमा यो जनसंख्या दुई लाख ११ हजार सात सय ४६ पुग्यो भने जनसंख्या वृद्धिदर ०.२२ प्रतिशतमा सीमित भयो । २०७८ सालमा त यो जनसंख्या घटेर दुई लाख ४२ हजार एक सय ५७ मात्र भएन वृद्धिदर पनि घटेर -०.३२ प्रतिशतमा झर्यो ।

**मानिस किन बसाइँ सर्छ र ?**

मानिस किन बसाइँ सर्छ भन्ने सम्बन्धमा विभिन्न मत पाइन्छन् । जर्मनका भूगोलविद् वाल्टर क्रिस्लरले सन् १९३३ मा 'सेन्टर प्लेस थ्योरी' प्रतिपादन गरेका थिए । उनको यो सिद्धान्तमा सहर र गाउँको सम्बन्ध उल्लेख गरिएको थियो । जहाँ सहरले रोजगारी दिन्थ्यो । आर्थिक गतिविधिहरुलाई बढावा दिन्थ्यो । त्यस वरपरका गाउँहरुले यसको फाइदा लिन्थे । गाउँ सहरको सम्बन्ध षड्कोण जस्तो हुन्थ्यो । हरेक कोणले गाउँलाई सहरीकरण हुन प्रेरित गरिरहेको हुन्थ्यो । समयक्रममा ती गाउँहरु फेरि सहरमा रुपान्तरण हुन्थे र त्यसभन्दा टाढाका अरु गाउँहरुलाई सहरी सुविधा दिन्थे । यो क्रम लम्बिँदै जान्थ्यो । अनि अर्धसहरी क्षेत्रहरु सहरी क्षेत्रमा परिणत हुन्थे । सहरी योजना निर्माणमा संसारभरि नै प्रचलित यो सिद्धान्तले पनि हाम्रा हिमाली र पहाडी गाउँहरुलाई समेट्न नसकेको देखिन्छ । किनकि यी क्षेत्रमा निर्माण भएका हिजोका जिल्ला सदरमुकामका सहर आफैं रोजगारी र अवसर नपाएर पलायन भइरहेका छन् । संघीयताको जगका रुपमा रहेका पालिका केन्द्रमा सानासाना सहरी स्वरुपमा बजार बढ्लान्, तिनले सानोतिनो रोजगारी उपलब्ध गराउलान् भन्ने धेरैलाई लागेको थियो । स्थानीय तहको संरचना निर्माण भएको आठ वर्ष बितिसक्दा पनि मानिसले अपेक्षित परिणाम पाउन सकेनन् । फलत: मानिस आफ्ना आवश्यकताको खोजीमा गाउँ छोड्दै ठूला सहरतिर पसे । सहरले पनि थेग्न नसकेपछि विदेशतिर अस्थायी र स्थायी रुपमा बसाइँ सर्दैछन् । बसाइँ सर्न मानिसलाई सहज छैन । यसले आफ्नो पुर्ख्यौली थलो छोडेर हिँडेको छ । उसका अनुभव सुन्ने हो भन्ने बसाइँ सर्न कति कठिन छ भन्ने अनुमान लगाउन सकिन्छ । पुस्तौँदेखि बसिरहेका छरछिमेकी, पशुचौपायादेखि ढुङ्गामाटोसम्मको माया मानिसले अनुभूत गर्दछ । मानवीय संवेदनायुक्त यो परिवेशलाई चिरेर पराइ ठाउँमा बसाइँ सर्नु आफैंमा साहस र जोखिमको भारी बोक्नु हो तर हरेक चुनौतीसँगै अवसर देख्ने मानवीय स्वभावले मानिसलाई सधैं माटोसँगको भावनात्मक माया गाँसेर मात्र बसिरहन दिँदैन । त्यसैले उनीहरुले थप स्रोत साधन, शिक्षा, स्वास्थ्य रोजगारी र आफ्ना सन्तानको सुन्दर भविष्यका निम्ति पुर्ख्यौली थलो छोड्छन् । यो मानवीय स्वभावलाई रोक्न खोज्नु खोला थुन्नु जस्तै हो । जनसंख्या परिवर्तनका तीन तत्वमध्ये बसाइँसराइ यस्तो तत्व हो, जसले दुवैतिरको जनसंख्यालाई असर गरेको हुन्छ । व्यक्ति जहाँबाट बसाइँ सरेको हो (उद्गम स्थान), त्यसले त्यहाँको जनसंख्या घटाउन मद्दत गरेको हुन्छ भने बसाइँ सरेर जहाँ जाने हो ९गन्तव्य स्थान० त्यहाँको जनसंख्या बढाउन मद्दत गर्दछ ।

**बसाइँसराइको लहरो देश बाहिरसम्मै**

बसाइँराइको लहरो देशभित्र मात्र होइन, देश बाहिरसम्म लहरिएको छ । देशका कुनाकाप्चासम्म सडक सञ्जालको विस्तार हुँदै जाँदा र विश्वका विभिन्न देश हवाई मार्गमार्फत जोडिँदा पुर्ख्यौली थलोहरु विराना हुँदै गएका हुन् । मानिसहरु नयाँ नयाँ अवसरको खोजीमा नयाँनयाँ ठाउँमा गएर बसोबास गरिरहेका छन् । बसाँइसराइको यो प्रवृत्तिले समाजमा र देशमा पर्नसक्ने र परिरहेका असर र प्रभावप्रति भने सरकार जानकार हुनुपर्दछ ।

मानिसको चहलपहल अनुसार नै विकासका ढाँचाहरु बदलिनु पर्दछ । देशका नागरिक जता गए पनि यसलाई दिने सुविधा पनि त्यतै केन्द्रित गर्नुपर्दछ । गाउँठाउँमा अल्पमतमा बसेका मानिसहरुलाई पनि राज्यले सुविधा दिनै पर्दछ तर उनीहरुलाई एकीकृत वस्तीमार्फत एक ठाउँ जुटाएर सहजै विकासका पूर्वाधार पुर्याउनतर्फ सरकारले सोच्ने बेला भएको छ ।

***(लेखक जनसंख्या विषयमा अभिरुचि राख्ने पत्रकार हुन् ।) -रासस***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक र सांस्कृतिक क्षेत्रमा भ्रमण हुनेछ । भाग्यमा वृद्धि हुनेछ । | **तुला** : मनमा हर्ष र उत्साह छाउनेछ । वैदेशिक क्षेत्रबाट राम्रो हुनेछ । |
| **वृष** : धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । | **वृश्चिक** : आज भाग्यमा वृद्धि हुनेछ । नयाँ र शुभ समाचार सुन्न पाइनेछ । |
| **मिथुन** : आज लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । | **धनु** : कुनै कुराले मनमा शान्ति छाउनेछ । कार्यबाट सफलता मिल्नेछ । |
| **कर्कट** : नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ । | **मकर** : संचार माध्यमबाट शुभ समाचार प्राप्त हुनेछ । छोटो यात्रा पनि हुनेछ । |
| **सिंह** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्, तर बुद्धिमा ह्रास आउन सक्छ । | **कुम्भ** : दैनिक कार्यहरूमा प्रगति हुनेछ । शैक्षिक क्षेत्र पनि राम्रै रहला । |
| **कन्या** : मन मनमा अशान्ति र गलत आचरणतर्फ मनजान सक्छ । | **मीन** : गरेको काममा ढिलासुस्ती हुनेछ । खर्चको मात्रामा पनि वृद्धि हुनसक्छ । |




# सभापति नहुँदा शिक्षा विधेयक संशोधनमा विलम्ब




नयाँ शिक्षामन्त्री नियुक्ति र प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति रिक्त भएपछि 'विद्यालय शिक्षा विधेयक-२०८०' माथिको दफाबार संशोधन प्रक्रिया प्रभावित भएको छ । समितिका सभापति भानुभक्त जोशी गत फागुन २३ मा पुन:गठित मन्त्रिपरिषद्मा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री नियुक्त भएका थिए । जोशी मन्त्री नियुक्त भएपछि प्रतिनिधिसभा नियमावली, २०७९ बमोजिम सभापति पद स्वत: रिक्त भएको हो । समितिमा विद्यालय शिक्षा विधेयकका साथै नेपाल विश्वविद्यालय विधेयक, सार्वजनिक प्रसारण सम्बन्धी विधेयक र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक विचाराधीन छ । सुरक्षण मुद्रण सम्बन्धी विधेयक दफाबार छलफल भई अन्तिम रुप दिन बाँकी छ । अन्य विधेयकमा छलफल जारी छ ।

विद्यालय शिक्षा विधेयकमाथि विभिन्न सरोकारवाला र विज्ञसँग छलफल सम्पन्न भई गत फागुन २० गते संशोधनकर्ता सदस्यसँग छलफल सुरु भएको थियो । सो विधेयकलाई प्रदेशस्तरमा छलफलका लागि लाने समितिको योजना छ । नेपाल शिक्षक महासंघ लगायत सरोकारवाला पक्षले विद्यालय शिक्षा विधेयक चाँडो पारित गराउन सरकार र संसद्लाई आग्रह गर्दै आएको छ । महासैंघ अध्यक्ष कमला तुलाधरसहितको टोलीले नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठ, सचिव सुरेश अधिकारीलाई शुक्रबार सिंहदरबारमा भेटेर विगतको सहमतिबमोजिम विधेयक चाँडो ल्याउन ध्यानाकर्षण गराएको छ । महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले सरकार र आफूहरुबीचका सहमति कार्यान्वयन हुनेगरी चाँडो विधेयक ल्याउन स्मरण गराएको बताए । पुन:गठित सरकारले ती सहमतिबारे कुनै प्रतिक्रिया नदिएकाले आफूहरु पर्ख र हेरको अवस्थामा रहेको महासचिव सुवेदीले बताए । भेटमा सहभागी नेपाल विद्यालय कर्मचारी परिषद्का बागमती प्रदेश अध्यक्ष रामशरण फुयाँलले सामुदायिक विद्यालयका कर्मचारी दरबन्दी सिर्जना गर्न वा उपयुक्त विकल्प दिन मन्त्री श्रेष्ठलाई आग्रह गरेको जानकारी दिए । राहत शिक्षक संघर्ष समितिले आन्तरिक प्रतिस्पर्धामा ७५ प्रतिशतसम्म कोटा दिने सहमति कार्यान्वयन नभए पुन:सडक आन्दोलनमा जाने चेतावनी मन्त्री श्रेष्ठलाई दिएको छ । हाल करिब ४० हजार राहत शिक्षक कार्यरत छन् । शिक्षामन्त्री दल आबद्ध दल राष्ट्रिय स्वतन्त्र पार्टीले शिक्षक, कर्मचारीलगायत कुनै पनि पेसामा राजनीतिक दलको भ्रातृ संगठन कायम नराख्ने नीति लिएकाले विधेयकमा ती सहमतिका विषय पेचिलो बन्न पुगेको छ । शिक्षक महासैंका प्रतिनिधिका कुरा सुनेर अरु प्रतिक्रिया नदिइ मन्त्री श्रेष्ठले आफ्नो कार्यकक्षको स्मार्ट बोर्डमा लेखिएको 'विद्यालयमा राजनीतिक दल र संगठन नखोल्ने हेरेर जान' आग्रह गरेकी थिइन् थियो । शिक्षाविद् एवं बुद्धिजीवीहरुले विद्यालयमा दलीय हस्तक्षेप अन्त्य गरी गुणस्तरीय शिक्षाको वातावरण सहज हुने कानुन बनाउन आग्रह गर्दै आएका छन् ।

विद्यालय शिक्षासम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न तत्कालीन शिक्षामन्त्री अशोककुमार राईको कार्यकालमा गत भदौ २७ गते प्रतिनिधिसभामा विधेयक दर्ता गरेको थियो । सो विधेयकमा एक सय ६३ दफा छ । एक सय ५० बढी सांसदका एक हजार सात सय संशोधन परेका छन् । सरकारले संसदमा विधेयक दर्ता गराएपछि असन्तुष्ट महासैंले काठमाडौं केन्द्रित आन्दोलन गरेका थिए । आन्दोलनपछि गत असोज ५ र १२ गते दुई चरणमा शिक्षक, कर्मचारीका माग र मुद्दामा सहमति भएको थियो । मन्त्री राईले सहमतिको विषय प्रतिनिधिसभामा सैद्धान्तिक छलफलका क्रममा प्रस्तुत गरेका थिए । नयाँ शिक्षामन्त्रीले उक्त सहमतिलाई कसरी स्वामित्व लिने भन्ने स्पष्ट भइसकेको छैन । विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न ल्याएको सो विधेयक पारित भई ऐन जारी भएपछि शिक्षा ऐन, २०२८ खारेज हुनेछ ।

**सुरु भएन सभापति चयनको प्रक्रिया**

प्रतिनिधिसभा नियमावली, २०७९ को दफा १७७ को (५) (२) मा विषयगत समितिको सभापतिको पद रिक्त भएको मितिले १५ दिनभित्र निर्वाचन गरिसक्नुपर्ने व्यवस्था छ । तर शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको निर्वाचन कार्यतालिका हालसम्म प्रकाशन भएको छैन । नियमावलीको दफा १७६ मा सभामुखले तोकेको दिन सभापतिको निर्वाचन हुनेछ र त्यसको सूचना सचिवले ४८ घण्टाअगावै प्रकाशन गर्नुपर्ने भनिएको छ । समितिका ज्येष्ठ सदस्य डा कालुराम राईले सभापतिको निर्वाचन गराउन वा बैठक सञ्चालन बारे सभामुख वा संसद् सचिवालयको जानकारी आएमा आफूहरुले अध्यक्षता र सञ्चालन गर्ने बताउँदै हालसम्म केही संवाद नभएको प्रतिक्रिया दिए । उक्त समितिको सभापति यसअघिको राजनीतिक सहमतिमा नेकपा (एकीकृत समाजवादी)को भागमा परेकामा नयाँ सत्ता गठबन्धन बनेपछि कुन दलका सांसदको भागमा पर्ने यकीन भएको छैन । -रासस

# काभ्रेका पाँच सामुदायिक विद्यालयलाई 'थ्री स्टार'



खानेपानी, सरसफाइ एवं पर्यावरणीय स्वच्छता मापदण्डका दश सूचक पूरा गरेका काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिकाको पाँच सामुदायिक विद्यालयलाई 'थ्री स्टार' विद्यालयका रूपमा परिचित भएका छन् । गाउँपालिकाका ३३ सामुदायिक विद्यालयमा सञ्चालित 'भविष्यको लागि आधार' परियोजना अन्तर्गत सूचक पूरा गर्ने ती विद्यालयलाई 'थ्री स्टार' घोषणा गरिएको छ ।

'थ्री स्टार'द्वारा परिचित विद्यालय माध्यमिकस्तरका हुन् । ती विद्यालयमा गाउँपालिकाको ५ नं वडास्थित अरनिको मावि र जागृति मावि, वडा नं ३ को बुद्ध हिमालय मावि, वडा नं ५ को सिर्जनाशील जनता मावि, वडा नं ६ को प्रभा मावि रहेका छन् । यी विद्यालयलाई थ्री स्टार बनाउन वाटरएड र सिविक फोरम नामका संस्थाले सघाएका थिए । पाँचै विद्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छताका १० मापदण्ड अन्तर्गत स्वच्छ खानेपानी, व्यवस्थित शौचालय, स्वच्छ र हरियाली वातावरण, खानाको स्वच्छता, स्वास्थ्य स्वच्छताको सुविधा, छात्रा-महिनावारी स्वच्छता व्यवस्थापन सुविधा, संस्थागत व्यवस्था र दिगोपना, विपद् जोखिम व्यवस्थापन र अनुगमन तथा जवाफदेहिता पूरा गरेका हुन् ।

यी १० सूचक पूरा गरेपछि तीनतारा घोषणा गरिएको फोरमका प्रमुख कार्यकारी अधिकृत वसन्त कुँवरले जानकारी दिए । उनका अनुसार सबै विद्यालयमा खानेपानी र सरसफाइको सुविधा एवं स्वच्छ वातावरणको विकास तथा प्रवर्द्धन गरी विद्यार्थीको स्वास्थ्य स्थितिमा सुधार ल्याई सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार्न आवश्यक छ । नेपालको संविधानमा मौलिक हकको धारा ३५ को उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित, दिगो विकास लक्ष्य (एसडिजी) को ४ र ६ नं अन्तर्गत सबै विद्यालयमा सुरक्षित र व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकहरू तोकिएको छ । यस्तै विद्यालय क्षेत्र विकास योजना ९२०७३-२०८००ले पनि गुणस्तरीय शिक्षाका लागि स्वास्थ्य तथा पोषण 'अवयव'अन्तर्गत विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन, सरसफाइको सुविधा र स्वच्छ वातावरणको आवश्यकतालाई महत्त्वपूर्ण पक्षका रूपमा उल्लेख गरेको छ । -रासस

# विश्वविद्यालयले पर्खिरहेको विद्यार्थी राजनीतिको रूपान्तरण

**विदुरप्रसाद दाहाल**

> *विद्यार्थी संघ-संगठनहरूले मानिसलाई भ्रममा पार्छन् । देख्दा र कागजी रूपमा लेख्दा शैक्षिक माग देखिन्छन् तर ती सबै छद्म हुन्छन् । विश्वविद्यालयको उन्नयनका लागि विद्यार्थीका हर गतिविधि र क्रियाकलाप सहयोगी हुनुपर्ने हो । तर भएनन् । यसको लागि वर्तमान स्ववियु संरचना समेत परिमार्जन गर्नुपर्छ । हरेक कक्षाका टपर विद्यार्थीहरू कक्षाको नेता हुने र तिनै उत्कृष्ट मध्येबाट एक वर्षको लागि विद्यार्थी प्रतिनिधि हुने व्यवस्था विश्वविद्यालय ऐन-नियममा गर्नुपर्छ । त्यसले विश्वविद्यालय भित्र हुने विद्यार्थीको विकृत राजनीति कम गराउन सहयोग गर्नेछ । उत्कृष्ट विद्यार्थी फोहोरी राजनीतिमा पक्कै रमाउने छैनन्, त्यो आशा गर्न सकिन्छ । राजनीतिक दलले पनि यो पवित्र उद्देश्यमा सघाउनुपर्छ । विश्वविद्यालयले पनि तत्काल सुधारका कार्ययोजना सार्वजनिक गर्नुपर्छ । विश्वविद्यालय सुधार्नु बाहेक अर्को विकल्प छैन । विश्वविद्यालय भित्र शिक्षक, कर्मचारीको व्यवहार गतिलो छ भन्ने पटकै होइन । केही शिक्षक, शिक्षक जस्ता छैनन्, कर्मचारी,कर्मचारी जस्ता छैनन् । उनीहरू पनि पार्टीका प्रतिनिधि जस्ता देखिन्छन् ।*

विद्यार्थी परिवर्तनका संवाहक हुन् । एकदलीय व्यवस्था परिवर्तनमा विद्यार्थीको ठूलो भूमिका थियो । नेपालमा व्यवस्था परिवर्तन भएको लामो समय भइसकेको छ । अबको आवश्यकता अरु होइनह अवस्था परिवर्तन हो । तर विडम्बना विश्वविद्यालयहरूमा पुरानै पाराले तालाबन्दी, तोडफोड, बन्द-हडताल, धाक-धम्की, बेइमानीको निरन्तरता छ । विश्वविद्यालयहरू अध्ययन, अध्यापन र अनुसन्धानका केन्द्र हुन् । तर यहाँ प्राज्ञिक कामले प्राथमिकता पाएको छैन । बरु राजनीति गर्ने र कमाउने अखडा बनेका छन् । हरेक दिन विद्यार्थीहरू बाहिरिइरहेका छन् । देश छाडिरहेका छन् । यसले क्याम्पसमा राजनीति गर्ने विद्यार्थी नेतालाई पोलेन । किन विद्यार्थी विदेश जादैछन् ? ड्रपआउट किन छ ? भन्ने कुराको खोजी गरेनन् । अनि केको लागि विद्यार्थी राजनीति ? कसका लागि विद्यार्थी राजनीति ? यो जर्जर अवस्थामा पनि विश्वविद्यालयहरूलाई विद्यार्थी राजनीतिले गिजोल्न छोडेको छैन । आलेखको आशय विद्यार्थी राजनीतिलाई आलोचना गर्नु नभई विद्यार्थी राजनीतिले सुधारको मार्ग तय गर्नुपर्छ भन्ने हो । विद्यार्थी राजनीति विश्वविद्यालय सुधारको औजार बन्नुपर्छ । सबैले आत्मसमीक्षा गरेमा विश्वविद्यालय सुधार सम्भव छ ।

अहिले विश्व विद्यालयहरूलाई राजनीतिले थिलथिलो बनाएको छ । विद्यार्थी राजनीतिका साथसाथै शिक्षक/कर्मचारीको राजनीतिले अवस्थालाई सुधार्ने भन्दा बिगार्ने काम गरेको छ । त्यति मात्र होइनह दलहरूको राजनीति विश्वविद्यालयभित्र नराम्रोसँग घुसेको छ । दलहरूले कार्यकर्ता उत्पादन गर्ने थलोका रूपमा विश्वविद्यालयलाई लिएका छन् । विद्यार्थी, शिक्षक र कर्मचारीको पार्टीगत राजनीतिलाई निरुत्साहित गर्न दलहरूले कुनै प्रयास गरेनन्, बरु प्रोत्साहन गरे । दलहरूको मति फिर्ला भन्ने अनुमान थियो तर फिरेन । विश्वविद्यालयलाई राजनीतिले थप गिजोल्यो । विश्वविद्यालयको अवस्था झन् खराब भयो । कुनै बेला देशमा एकदलीय व्यवस्था हुँदा वाक् स्वतन्त्रता कुण्ठित थियो । जनताका मौलिक हकहरू वर्जित थिए । एकदलीय व्यवस्थाको अन्त्य र प्रजातन्त्रको बहालीलाई विद्यार्थी सँगसँगै विश्वविद्यालयले सघाएको थियो । त्यो कालखण्डको परिवर्तनलाई दुनियाँले तारिफ गरेका छन् । विद्यार्थी संघ-संगठन र स्ववियुहरूले प्रजातन्त्रको बिगुल फुके । एकदलीय व्यवस्था धर्मरायो । त्यो विद्यार्थी राजनीतिको उपलब्धि थियो । तर अहिले विद्यार्थी राजनीति बरालिएको छ । त्यसले बाटो बिराएको छ । विगतको सुनौलो इतिहासलाई विद्यार्थी युनियन र संघ-संगठनले कुरूप बनाउँदै छन् ।

समयसँगै व्यवस्था फेरियो तर विद्यार्थीको राजनीति फेरिएन । परिवर्तनको अगुवा बनेको विद्यार्थी राजनीति थप विकृत भयो । पार्टीहरूलाई भरथेग गर्ने र दलका कार्यकर्ता उत्पादन गर्ने कारखाना भयो । त्यहाँसम्म त ठिकै थियो । हुँदाहुँदा शिक्षालयहरू विद्यार्थी नेताको कमाइ गर्ने तथा राजनीति गर्ने प्लेटफर्म भए । संघ-संगठन, त्यसको नेतृत्व र क्याम्पसहरूमा काका र दाइहरूको राज छ । क्याम्पस परिसरमा सधैं नियमितता हुन्छ । तर पढ्ने कक्षा कोठामा होइन । पढाइ उनीहरूको मूल उद्देश्य होइन । गज्जबको प्रणाली विकास गरेका छन् । स्ववियुको पूरै टिम, संघ-संगठनका स्थानीय नेतृत्व तथा आसेपासेहरू बिहानदेखि बेलुकासम्म क्याम्पसमा घुमिरहेका हुन्छन् । मानौं उनीहरू सुरक्षा कर्मचारी हुन् । वास्तवमा तिनीहरू नै हुन् क्याम्पस प्रशासनलाई गिजोल्ने । अनावश्यक माग राखेर अवस्थालाई थप बिगार्नेहरू । जसरी तसरी कमाइको मेसो मिलाउनु उनीहरूको मुख्य उद्देश्य हो । शैक्षिक मुद्दा देखाउने दाँत मात्र हुन् । प्रशासनले गर्ने काममा हस्तक्षेप, परीक्षा कार्यक्रममा सेटिङ, परीक्षाको मर्यादा बिगार्ने, क्याम्पसभित्र हुने ठेक्कापट्टामा अप्रत्यक्ष सहभागिता । त्यस्तै, प्रशासनिक खरिद कार्यमा अनावश्यक हस्तक्षेप, खेलकुदको नाममा कमाउने धन्दा, छात्रवृत्ति र धरौटी शुल्कहरूमा अवैध तरिकाले आँखा लगाउँछन् भन्ने सर्वसाधारणको गुनासो छ ।

विद्यार्थीका नाममा हुने यस प्रकारका क्रियाकलापले सीमा नाघेको आक्रोश पोख्छन् । सीआईबी वा अरु कुनै निकायले उनीहरूका हर्कत सूक्ष्म अनुसन्धान गरिदिए कति जाती हुन्थ्यो ! विश्वविद्यालयले उनीहरूलाई थेगिरहेको छ, पालिरहेको छ । मानौं उनीहरूको बोझ थेग्नु विश्वविद्यालयको दायित्व हो । यो खालको अवस्था नरोके विश्वविद्यालयको अधोगति अझै निश्चित छ । विश्वविद्यालयका राम्रा निर्णयमा पनि विद्यार्थीले हस्तक्षेप गर्छन्, कामै गर्न दिदैनन् । हस्तक्षेपको एक मात्र उद्देश्य अन्तरकुन्तरमा कमाउने, रस चुस्ने र संगठनलाई बलियो बनाउने हुन्छ । यस्ता काम गर्न विद्यार्थी संघ-संगठन चाहिएला ? विद्यार्थी राजनीति चाहिएला ? पार्टीहरूलाई आफ्ना भ्रातृ संगठनको गतिविधि थाहा होला कि नहोला? यो राजनीतिले कसैलाई भलो गर्दैन । अन्त्यमा पार्टीकै छविमा पनि आँच आउँछ । राजनीतिक दलले बेलैमा आफ्ना भनिएका विद्यार्थी कार्यकर्तालाई तह लगाउनुपर्छ । विश्वविद्यालय सपार्ने हो भने अहिलेको विद्यार्थी राजनीतिलाई परिष्कृत गर्नुको विकल्प छैन । विश्वविद्यालयभित्र संघ-संगठनका पसलहरू बन्द गर्नुपर्छ । उनीहरूको गतिविधि र राजनीतिलाई निषेध गर्नुपर्छ । राजनीतिमुक्त विश्वविद्यालय आजको आवश्यकता हो । विद्यार्थी संघ-संगठनहरूले मानिसलाई भ्रममा पार्छन् । देख्दा र कागजी रूपमा लेख्दा शैक्षिक माग देखिन्छन् तर ती सबै छद्म हुन्छन् । विश्वविद्यालयको उन्नयनका लागि विद्यार्थीका हर गतिविधि र क्रियाकलाप सहयोगी हुनुपर्ने हो । तर भएनन् । यसको लागि वर्तमान स्ववियु संरचना समेत परिमार्जन गर्नुपर्छ । हरेक कक्षाका टपर विद्यार्थीहरू कक्षाको नेता हुने र तिनै उत्कृष्ट मध्येबाट एक वर्षको लागि विद्यार्थी प्रतिनिधि हुने व्यवस्था विश्वविद्यालय ऐन-नियममा गर्नुपर्छ । त्यसले विश्वविद्यालय भित्र हुने विद्यार्थीको विकृत राजनीति कम गराउन सहयोग गर्नेछ । उत्कृष्ट विद्यार्थी फोहोरी राजनीतिमा पक्कै रमाउने छैनन्, त्यो आशा गर्न सकिन्छ । राजनीतिक दलले पनि यो पवित्र उद्देश्यमा सघाउनुपर्छ । विश्वविद्यालयले पनि तत्काल सुधारका कार्ययोजना सार्वजनिक गर्नुपर्छ । विश्वविद्यालय सुधार्नु बाहेक अर्को विकल्प छैन । विश्वविद्यालय भित्र शिक्षक/कर्मचारीको व्यवहार गतिलो छ भन्ने पटकै होइन । केही शिक्षक, शिक्षक जस्ता छैनन्, कर्मचारी, कर्मचारी जस्ता छैनन् । उनीहरू पनि पार्टीका प्रतिनिधि जस्ता देखिन्छन् । यस्ता विकृति अनगिन्ती छन् । तर तिनीहरूलाई वैधानिक तरिकाले सच्याउन सकिन्छ । अदालत छ । अख्तियार छ । उनीहरूको कामको अडिटिङ हुन्छ । विश्वविद्यालयको मूल्याङ्कन गर्ने प्रणाली छ । त्यसबाट सुधार गर्न सकिन्छ । खुला प्रतिस्पर्धाबाट आएका पदाधिकारीबाट केही आशा गर्न सकिन्छ । त्यसैले पदाधिकारीको ध्यान विश्वविद्यालयभित्र सुशासन बहाली गराउने, राजनीतिक नेतृत्वलाई सम्भाउने तथा विद्यार्थी संगठन मार्फत हुने अति-राजनीतिलाई निराकरण गर्ने प्रयास गर्ने हुनुपर्छ । सकिन्छ भने विश्वविद्यालयभित्र संघ-संगठनका माध्यमबाट हुने राजनीतिलाई अवैध घोषणा गर्नुपर्छ । विद्यार्थीका संगठनलाई नै अस्वीकार गर्नुपर्छ । समग्र विश्वविद्यालयलाई विकृत राजनीतिबाट मुक्त गर्ने ध्येय हुनुपर्छ । यसका लागि विश्वविद्यालयका ऐन-नियममा समसामयिक परिवर्तन गर्नु पहिलो शर्त हुनेछ । विश्वविद्यालय बुझेकी युवा शिक्षा मन्त्रीबाट थप आशा गर्न सकिन्छ । विश्वविद्यालय सम्बन्धी केही ऐन-नियम परिवर्तनले एउटा परिवेश बन्छ, जुन गर्न सकिने सजिलो काम हो । वर्तमानका शैक्षिक नेतृत्वलाई विश्वविद्यालयको कुलमान बन्ने अवसर छ । उनीहरूले आँट गर्नुपर्छ । जोखिम लिनुपर्छ ।

-अनलाइन खबर डटकम

# चापागाई बने एनआरएनएको मिडिया कोअर्डिनेटर



**पाल्पा,** चैत ४/पूर्व नवजनचेतना राष्ट्रिय दैनिककर्मी सतिश चापागाई फेरि एनआरएनए अमेरिकाको मिडिया कोअर्डिनेटर बनेका छन् । एनआरएनए अमेरिकाले उनलाई पुन: मिडिया कोअर्डिनेटरको जिम्मेवारी दिएको हो ।

चापागाईले यस अघि सन् २०१९-०२१ सम्मका लागि मिडिया कोअर्डिनेटरको जिम्मेवारी निर्वाह गरिसकेका थिए । उक्त कार्यकालमा मिडियाहरुसँग राम्रो समन्वय गरी एनआरएनएका गतिविधिहरु सम्प्रेषणमा महत्वपूर्ण भूमिका खेलेकै कारण चापागाईलाई पुन: एनआरएनए अमेरिकाका अध्यक्ष डाक्टर अर्जुन बञ्जाडेले मिडिया कोअर्डिनेटरमा नियुक्त गरेका हुन् । लामो समय पाल्पाबाट प्रकाशित नवजनचेतना राष्ट्रिय दैनिकमा काम गरेका चापागाई विगत ३० वर्षदेखि पत्रकारिता क्षेत्रमा सक्रिय छन् । नेपाल प्रेस युनियन पाल्पाका पूर्व सभापति समेत रहेका उनी हाल नेप्लिज डायस्पोरा डटकमका प्रधान सम्पादक र सञ्चालक समेत हुन् । सन् २००८ मा अमेरिका गएका चापागाई २०१४ देखि एनआरएनएमा आवद्ध छन् । पाल्पाको रामपुर नगरपालिका १० स्थायी बसोवास भएका चापागाई परिवार सहित अमेरिकामा रहेर पत्रकारिता गर्दै आएका छन् । उनी जोगसंजोग नामक चर्चित अनलाईन टिभी कार्यक्रमका प्रोस्तोता समेत हुन् । चापागाईले पाल्पाबाट आफ्नो पत्रकारिताको सुरुवात गरेका थिए । उनले कविता र गीतहरु पनि लेख्छन् । मिडिया कोअर्डिनेटरको जिम्मेवारी पाएसँगै शित्तलपाटी डटकम र नवजनचेतना दैनिकसँगको कुराकानीमा चापागाईले मिडिया र मिडियाकर्मीहरुसँग सहकार्य र समन्वय गरी काम गर्ने बताए । उनले एनआरएनएका हरेक गतिविधिहरुलाई सत्य तथ्य रुपमा आम पाठक समक्ष पुऱ्याउन इमान्दारीताका साथ लाग्ने समेत प्रतिवद्धता व्यक्त गरे । चापागाई पाल्पाली संगमका अन्तर्राष्ट्रिय संयोजक समेत हुन् ।

## खेलकुद समाचार

# पलेसा पेरिस पारा ओलम्पिकमा छनोट



**काठमाडौं,** चैत ४/पारा तेक्वान्दो खेलाडी पलेसा गोवर्धन यसै वर्ष फ्रान्समा हुने पेरिस पारा ओलम्पिकमा छनोट भएकी छन् । चीनमा भइरहेको पारा ओलम्पिकको एसियन छनोटमा पलेसाले के ४४ अन्तर्गत महिला ५७ केजीमुनी तौल समूहमा स्वर्ण जित्दै पारा ओलम्पिकमा स्थान पक्का गरेकी हुन् ।

उनले फाइनलमा इरानी खेलाडी लेल्ला मिर्जाईलाई पराजित गरिन् । त्यसअघि पलेसाले सेमिफाइनलमा उज्वेकिस्तानकी खेलाडी करिमा मेलिकुजिएभालाई १८-२ ले पराजित गर्दै फाइनलमा स्थान बनाएकी थिइन् ।

छनोट चरण पार गरेर पारा ओलम्पिकमा छनोट हुने पलेसा पहिलो नेपाली पारा खेलाडी बनिन् । यसअघि ओलम्पिकतर्फ तेक्वान्दोकै संगीना वैद्य र दीपक विष्टले पनि छनोट चरण पार गरेर ओलम्पिक खेलेका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# साताको पहिलो दिनमै घट्यो नेप्से



**पाल्पा,** चैत ४/यो साता कारोबारको पहिलो दिन मै नेपाल स्टक एक्सचेञ्ज (नेप्से) घटेको छ । आइतबार नेप्से परिसूचक १० दशमलव ६२ अंकले घटेको हो ।

नेप्से दोहोरो अंकले घटेसँगै दुई हजार ७० दशमलव २५ को बिन्दुमा कायम भएको छ । सो अवधिमा तीन सय चार कम्पनीको ८४ लाख छ हजार ७६ कित्ता शेयर ६३ हजार नौ पटक खरिदबिक्री हुँदा तीन अर्ब ३८ करोड ७९ लाख ८० हजार तीन सय ८४ बराबरको कारोबार भएको छ । विकास बैंक समूह शून्य दशमलव ८२, वित्त समूह शून्य दशमलव ६२ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव २९ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ६२, होटल तथा पर्यटन एक दशमलव ५६, जलविद्युत एक दशमलव १६, लगानी शून्य दशमलव ५९ र जीवन बीमा शून्य दशमलव १९ प्रतिशतले घटेको छ । त्यसैगरी, लघुवित्त समूह शून्य दशमलव ०३, म्युचुअल फन्ड शून्य दशमलव ४०, निर्जीवन बीमा शून्य दशमलव २२, व्यापार शून्य दशमलव ४३ र अन्य समूह एक दशमलव ०६ प्रतिशतले घटेको छ ।

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने गुँरास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ५६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ८३ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको ४१ करोड ६४ लाख १७ हजार छ सय ८० बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको सात लाख ४७ हजार आठ सय ७७ कित्ता शेयर किनबेच भएको छ । कारोबारमा आएका उपसमूहमध्ये ३ बाहेक अन्यको सूचक नकारात्मक देखिएका छन् । डेभलपमेन्ट बैंक, फाइनान्स र मनु एन्ड प्रोबाहेक अन्य उपसमूहका सूचक नकारात्मक देखिएका हुन् । कारोबारमा आएका ८४ कम्पनीको मूल्य बढ्दा १५० को मूल्य ओरालो लाग्यो भने १० वटाको मूल्य स्थिर रह्यो ।

# सुनको मूल्य घट्यो




**पाल्पा,** चैत ४/फागुन महिनाभर निरन्तर बढीरहेको सुनको भाउ चैत लागेपछि भने सामान्यले घट्दै गएको छ । स्थानीय बजारमा हालसम्मकै उच्च मूल्यमा पुगेको सुनको भाउ विवाहको सिजन सकिएसँगै घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार शुक्रबारको तुलनामा आइतबार सुनको मूल्य प्रतितोला चार सयले ओरालो लागेको छ । महासंघका अनुसार छापावाला सुन प्रतितोला एक लाख २५ हजार रुपैयाँ कायम छ । शुक्रबार छापावाला सुन प्रतितोला एक लाख २५ हजार चार सय रुपैयाँमा कारोबारभएको थियो । यस्तै तेजाबी सुन प्रतितोला एक लाख २४ हजार चार सय रुपैयाँ तोकिएको छ । शुक्रबार तेजाबी सुन प्रतितोला एक लाख २४ हजार आठ सय रुपैयाँमा कारोबार भएको थियो । यस्तै चाँदीको मूल्यमा सामान्य वृद्धि भएको छ । शुक्रबार प्रतितोला एक हजार पाँच सय १५ रुपैयाँमा कारोबार भएको चाँदी आइतबार भने एक हजार पाँच सय ३० रुपैयाँ कायम गरिएको छ । अन्तर्राष्ट्रिय बजारमा सुन र चाँदीको मूल्यमा आएको परिवर्तनको असर नेपाली बजारमा पनि देखिने गर्दछ । महासंघले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।

# ग्लोबल बैंकले भन्यो...

...बैंकका शाखा प्रवन्धक वीरबहादुर सारुले पछिल्ला केही दिन यता अनाधिकृत व्यक्तिले ग्राहकलाई फोन गरी केवाइसी अद्यावधिक गर्न बैंकबाट लगाएको भन्ने कुरा आएकाले त्यो बैंकको आधिकारिक फोन नभएको बताए । उनले भने 'कोही कसैलाई यसरी फोन नंम्बरबाट फोन आएमा आफ्नो कुनै किसिमको व्यक्तिगत विवरण त्यस्ता अनाधिकृत व्यक्तिलाई नदिनु हुन र आफ्नो फोनमा आएको ओटीपी नंम्बर कहिल्यै कसैलाई नभन्न/नदिनु हुन हामीले ग्राहकहरुलाई जानकारी गराएका छौं ।' कुनै पनि बैंकले यसरी कोही कसैसँग ओटीपी नम्बर नमाग्ने उनले बताए ।

प्रवन्धक सारुले आ-आफ्नो फोन सेटमा ९७४६६४२४०८ लाई ब्लक गरी स्वत: सुरक्षित हुन समेत आग्रह गरे ।


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

लुम्बिनी प्रदेश सरकार
**गृह मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई